आज मिति २०८३ साल असार ५ गते शुक्रवारका दिन विदेशी नागरिक अनुगमन निर्देशिका २०७५ को निर्देशन नं. ४.५ बमोजिम अध्यागमन जिल्ला समन्वय समिति रुपन्देहीका संयोजक श्रीमान् प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्यालज्यूको अध्यक्षतामा निम्न उपस्थितीमा सो समितिको बैठक बसी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती

| | | | |
|---|---|---|---|
| प्र.जि.अ. | श्री विश्व प्रकाश अर्याल | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| प्र.उ. | श्री जनक बहादुर शाही | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.उ. | श्री नवराज बोहरा | शसस्त्र प्रहरी बल नेपाल नं. २७ गढ | सदस्य |
| उप.अ.नि. | श्री नरेश बहादुर बम | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| नि.का.प्र | श्री नेत्र प्रसाद भुसाल | पर्यटन डिभिजन कार्यालय | सदस्य |
| का.प्र. | श्री मनोज कुमार शैनी | श्रम तथा रोजगार कार्यालय, रुपन्देही | सदस्य |
| का.प्र. | श्री बासुराम पौडेल | अध्यागमन कार्यालय, बेलहिया | सदस्य सचिव |

विशेष उपस्थिति

प्रमुख अध्यागमन अधिकृत श्री बलराम निरौला — अध्यागमन कार्यालय गौ.अ.वि

आमन्त्रित:-

| | | |
|---|---|---|
| स.प्र.जि.अ. | श्री मेघनाथ पाध्या | जिल्ला प्रशासन कार्यालय, रुपन्देही |
| स.प्र.जि.अ. | श्री मातृका आर्चाय | जिल्ला प्रशासन कार्यालय, रुपन्देही |
| ब.अ.अ. | श्री रामचन्द्र अर्याल | अध्यागमन कार्यालय, गौ.अ.वि |
| प्र.अ. | श्री बिष्णु प्रसाद ज्ञवाली | जिल्ला प्रशासन कार्यालय, रुपन्देही |

निर्णयहरु:-

१. मिति २०८२ पौष २० गते बसेको अघिल्लो अध्यागमन जिल्ला समन्वय समितिको बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो ।

२. नेपाल भित्र विभिन्न उद्देश्यका साथ हुने विदेशीहरुको प्रवेश, उपस्थिती र प्रस्थानलाई नियमित, व्यवस्थित, सरलिकृत एवम् नियन्त्रण गर्ने विषयमा सरोकारवाला निकायहरुबीच उपलब्ध Real time informations को आदान-प्रदान, थप समन्वय र अनुगमन गरी अध्यागमन सम्बन्धी कार्यहरुलाई पारदर्शी र मर्यादित बनाउने ।

३. रुपन्देही जिल्ला र आसपासका पर्यटकीय क्षेत्रहरुलाई आधार बनाई प्रवेश गर्ने, पर्यटकिय स्थलहरुको यात्रा गर्ने, होटेल तथा रेष्टुरेन्टहरुको सेवा लिने लगाएतका विभिन्न पर्यटकीय गतिविधिहरुमा सहभागी हुने विदेशी नागरिकहरुको रुपन्देही तथा समग्र नेपाल बसाईलाई सहज बनाउने र अपराधिक गतिविधिहरु हुन नदिने उद्देश्य सहित लागु गरिएको Foreign Nationals Management Information System (FNMIS) प्रभावकारी रुपमा लागु गर्ने गराउने ।